जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय ७ दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ७७ पृष्ठः ४ | २०८३ असार २९ सोमबार (Monday 13 July 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## तीन नानीको एकै चिहान, गोलबजारको आँखा रसायो।

"एकै परिवारका तीन फूल ओइलाउँदा केवल एउटा घर होइन, सिंगो समाज रोएको छ।"

**कमलेश कुमार यादव**



सिरहा, २८ असार। आइतबारको दिउँसो गोलबजार नगरपालिका-७ स्थित पुरानो चौक चोहर्वामा सामान्यजस्तै देखिएको वातावरण केही क्षणमै शोकमा परिणत भयो। खेल्दै हाँस्दै घरबाट निस्किएका एकै परिवारका तीन बालबालिका पशु हाटबजार परिसरको खाल्डोमा जमेको पानीमा डुबेर ज्यान गुमाएपछि सिंगो बस्ती स्तब्ध बनेको छ।

मृत्यु हुनेमा अवास शेखका १२ वर्षीया छोरी सबनम खातुन, १० वर्षीया रुबिना खातुन र ७ वर्षीय छोरा साइफुल शेख रहेका छन्। उनीहरू घरबाट अन्य दिनझैँ खेल्न निस्किएका थिए। तर त्यो यात्रा उनीहरूको जीवनको अन्तिम यात्रा बन्न पुग्यो। प्रहरीका अनुसार आइतबार करिब दिउँसो २:३० बजे खेल्ने क्रममा तीनै जना पशु हाटबजार परिसरमा रहेको पानी जमेको खाल्डोमा पुगेका थिए। स्थानीयका अनुसार उक्त खाल्डो गाई, गोरु र भैंसीजस्ता पशुलाई पानी खुवाउने उद्देश्यले बनाइएको थियो। वर्षाको पानी भरिएपछि खाल्डो गहिरो बनेको र त्यहीँ नुहाउने क्रममा उनीहरू डुबेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ।

घटनाको खबर फैलिनासाथ स्थानीयवासी र सुरक्षाकर्मी उद्धारमा खटिएका थिए। उनीहरूलाई तत्काल अस्पताल पुऱ्याइए पनि चिकित्सकले तीनै जनालाई मृत घोषणा गरेका छन्। एकै परिवारका तीन सन्तानको एकै दिन मृत्यु भएपछि अस्पतालदेखि घटनास्थलसम्म भावुक दृश्य देखिएको थियो। अवास शेखको स्थायी घर रौतहट जिल्लाको जिगरवा भए पनि उनी करिब तीन दशकदेखि गोलबजारमा परिवारसहित बस्दै आएका थिए। घर भाडामा लिएर कवाडी संकलन गरी दैनिक जीविकोपार्जन गर्दै आएका उनको परिवार आर्थिक रूपमा पनि कमजोर रहेको स्थानीयले बताएका छन्। पाँच सन्तानमध्ये तीन जनालाई एकैपटक गुमाउनु परिवारका लागि असह्य पीडा बनेको छ।

घटनापछि पशु हाटबजार परिसरमा ठूलो संख्यामा स्थानीयवासी भेला भएका थिए। धेरैले यस्तो खुला र असुरक्षित खाल्डो व्यवस्थापन नगर्दा ठूलो मानवीय क्षति भएको भन्दै सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन्। वर्षायाममा यस्ता पानी जम्ने स्थानहरूमा सुरक्षा व्यवस्था, चेतावनी बोर्ड तथा घेराबारको आवश्यकता रहेको स्थानीयको भनाइ छ।

प्रहरीले घटनाबारे थप अनुसन्धान भइरहेको जनाएको छ। घटनाको वास्तविक कारण, खाल्डोको अवस्था र सुरक्षासम्बन्धी पक्षबारे आवश्यक अनुसन्धान गरी प्रतिवेदन तयार गरिने प्रहरीले जनाएको छ। यो घटना केवल एक परिवारको पीडा मात्र

**-बाँकी तीन पेजमा**




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## मधेस प्रदेश : बजेट विवाद समाधानका लागि कार्यदल गठनको घोषणा

धनुषा, २८ असार। मधेस प्रदेशका सभामुख राम अशिष यादवले आर्थिक वर्ष २०८३/८४ को बजेट तथा अन्य समसामयिक विषयमा उत्पन्न समस्याहरू समाधानका लागि भन्दै एक विशेष संसदीय कार्यदल गठनको घोषणा गरेका छन्। आइतबार बसेको प्रदेश सभाको बैठकमा प्रदेश सभामा देखिएका गतिरोध र बजेट कार्यान्वयनमा आइपर्ने कानुनी तथा व्यावहारिक जटिलताहरूलाई सुल्झाउन सभामुख यादवले सो कार्यदल गठनको घोषणा गरेका हुन्।

कार्यदलमा सात जना सांसदहरु रहेका छन्। जसमा उपेन्द्र महतो, हरिन्द्र नारायण महतो, प्रमोद कुमार यादव, सन्जय कुमार यादव, बिमला अन्सारी खानम, सरिता कुमारी झालगायत रहेका छन्। यो समितिले आजैका मितिदेखि आफ्नो कार्य प्रारम्भ गर्ने र आवश्यकता अनुसार आफ्नै कार्यविधि बनाई अगाडि बढ्ने अधिकार पाएको छ। समितिको कामलाई थप प्रभावकारी र सहज बनाउनका लागि सभामुख यादवले मधेस प्रदेश सभा नियमावली २०८२ को नियम १३५ को उपनियम २ र ३ निलम्बन गर्ने प्रस्ताव पेश गर्न रवीन्द्र श्रेष्ठलाई अनुमति समेत दिए।

## लामखुट्टेको टोकाइबाट बचौं र बचाऔं

- घर वरिपरि पानी जम्न नदिऔं,
- सुत्दा अनिवार्य रूपमा झुल/मच्छरदानी प्रयोग गरौं,
- लामखुट्टेबाट बच्न पूरा शरीर ढाकिने कपडा लगाऔं,
- घर तथा वातावरण सफा र स्वच्छ राखौं,
- झ्याल-ढोकामा जालीको प्रयोग गरौं,
- डेंगु, मलेरिया जस्ता रोगका लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- फोहोर व्यवस्थापनमा ध्यान दिई लामखुट्टे बढ्न नदिऔं,
- समुदायस्तरमा सरसफाई अभियान सञ्चालन गरौं।
- सचेतना र सरसफाई नै सुरक्षित जीवनको आधार हो।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## कारागारबाट फरार कैदीबन्दी पक्राउ

सर्लाही, २८ असार। महोत्तरीको जलेश्वर कारागारबाट फरार रहेका डाका मुद्दाका एक बन्दीलाई सर्लाही प्रहरीले पक्राउ गरेको छ। गत भदौ २३ र २४ गते भएको जेनजी आन्दोलनको क्रममा कारागारबाट फरार भएका ३८ वर्षीय विजेन्द्र कुमार पासवानलाई प्रहरीले नियन्त्रणमा लिएको हो। जिल्ला प्रहरी कार्यालय सर्लाहीका अनुसार इलाका प्रहरी कार्यालय नवलपुरबाट खटिएको प्रहरी टोलीले गोप्य सूचनाको आधारमा पासवानलाई शुक्रबार बिहान करिब साढे ७ बजे पक्राउ गरेको हो।

उनलाई लालबन्दी नगरपालिका वडा नम्बर २, जुटपानीबाट पुनर्वास जाने भित्री सडक खण्डबाट नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ। पक्राउ परेका

**-बाँकी तीन पेजमा**

# सम्पादकीय

## अनुदानको मल नपाउँदा किसान चिन्तित

यस वर्ष समयमै मनसुन सक्रिय भएसँगै सिरहा जिल्लामा धान रोपाइँ उत्साहजनक रूपमा अघि बढेको छ। पर्याप्त वर्षा भएकाले खेतबारीमा पानीको अभाव छैन र किसानले रोपाइँलाई तीव्रता दिएका छन्। तर, रोपाइँको यही महत्वपूर्ण समयमा सरकारले अनुदानमा उपलब्ध गराउने रासायनिक मल सहज रूपमा नपाउँदा किसान भने समस्यामा परेका छन्। खेतमा समयमै मल हाल्न नसक्दा उत्पादनमा असर पर्ने चिन्ता उनीहरूले व्यक्त गरेका छन्।

सिरहाको सुखीपुर नगरपालिका–५ लडकन्हाका किसान दिनेश यादवले करिब पाँच बिघा क्षेत्रफलमा धानखेती गरे पनि हालसम्म एक किलो पनि अनुदानको मल नपाएको गुनासो गरे। मलको खोजीमा लहानस्थित कृषि सामग्री कम्पनी लिमिटेड पुगेका उनले गाउँमा मल वितरणको जिम्मा पाएका दुई कृषि सहकारी संस्था भए पनि कुनैले पनि किसानलाई मल उपलब्ध नगराएको बताए। पटक–पटक सहकारी धाउँदा पनि मल नपाएपछि किसान निराश बनेका छन्।

यस्तै, गोलबजार नगरपालिका–४ निपनियाँकी किसान गंगा क्याप्छाकीले पनि आफ्नो एक बिघा पाँच कट्ठा धानखेतीका लागि आवश्यक मल गाउँकै कृषि सहकारीमा नपाएको बताइन्। उनले गाउँनजिकैको सहकारीमा पटक–पटक सम्पर्क गर्दा पनि मल नपाएपछि अर्को वडाको सहकारीमा भनसुन गरी दुई बोरा डिएपी र एक बोरा युरिया ल्याएर खेतीको काम चलाउनुपरेको अनुभव सुनाइन्। उनका अनुसार समयमै मल नपाउँदा खेतीपातीको काम प्रभावित भइरहेको छ।

किसानहरूका अनुसार रोपाइँको समयमा मल अभाव दोहोरिनु नयाँ समस्या होइन। हरेक वर्ष मनसुन सुरु भएसँगै मलको माग बढ्ने भए पनि वितरण व्यवस्थापन प्रभावकारी नहुँदा किसानले सास्ती खेप्नुपर्ने अवस्था दोहोरिने गरेको छ। यस वर्ष पनि खेतमा पानी प्रशस्त भए पनि मल नपाउँदा उत्पादनमा नकारात्मक असर पर्ने चिन्ता बढेको छ।

कृषि सामग्री कम्पनी लिमिटेड, लहान शाखाका प्रमुख चेबनकुमार खड्काले मल अभावभन्दा पनि वितरण व्यवस्थापनमा समस्या देखिएको बताए। उनका अनुसार कतिपय स्थानीय तहका कृषि शाखाले मल बिक्रीका लागि स्वीकृत प्राप्त सहकारीलाई समयमै सिफारिस नदिने, सिफारिस पाएका सहकारीले पनि कम्पनीबाट निर्धारित समयमा मल नउठाउने तथा किसानको आवश्यकता अनुसार वितरण नगर्दा समस्या उत्पन्न भएको हुन सक्छ।

उनले सीमावर्ती नवराजपुर गाउँपालिकाका पाँचवटा सहकारीलाई पटक–पटक सूचना पठाउँदा पनि असार ५ गतेका लागि छुट्याइएको मल उनीहरूले तीन दिनअघि मात्र उठाएको जानकारी दिए। सहकारीहरूले आफ्नो कोटाअनुसारको मल समयमै उठाएर किसानसम्म पुऱ्याए कम्पनी र किसान दुवैलाई सहज हुने उनको भनाइ छ। शाखा प्रमुख खड्काका अनुसार आर्थिक वर्ष २०८२/८३ का लागि लहान शाखालाई आठ हजार दुई सय मेट्रिकटन युरिया र सात हजार तीन सय मेट्रिकटन डिएपीको कोटा प्राप्त भएको छ। हालसम्म युरियाको ९९ प्रतिशत र डिएपीको ७४ प्रतिशत मल शाखामा आइपुगेको छ। आवश्यक परिमाणमा मल उपलब्ध भए पनि वितरण प्रक्रियामा देखिएको ढिलासुस्तीका कारण किसानले समयमा मल पाउन नसकेको उनको दाबी छ।

किसानहरूले भने सरकारी निकाय र सम्बन्धित सहकारीबीचको समन्वय अभावको प्रत्यक्ष असर आफूहरूले भोग्नुपरेको बताएका छन्। कृषि उत्पादन बढाउने सरकारी नीति सफल बनाउन मलको सहज उपलब्धता सुनिश्चित गर्नु आवश्यक रहेको उनीहरूको माग छ। समयमै मल वितरण हुन सके उत्पादन वृद्धि हुने र किसानको लगानी पनि सुरक्षित रहने उनीहरूको विश्वास छ।

धान उत्पादनका दृष्टिले मधेश प्रदेशको महत्वपूर्ण जिल्लामध्ये सिरहा पनि एक हो। यहाँ हजारौं किसानको मुख्य जीविकोपार्जन कृषि नै भएकाले रोपाइँको समयमा हुने मल अभावले कृषि उत्पादनसँगै किसानको आयमा पनि प्रत्यक्ष असर पार्ने देखिन्छ। त्यसैले सम्बन्धित निकायले वितरण प्रणालीलाई थप प्रभावकारी बनाउँदै सहकारीहरूको जिम्मेवारी र अनुगमनलाई कडाइका साथ कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिएको छ। किसानलाई आवश्यक समयमा सहज रूपमा अनुदानको मल उपलब्ध गराउन सके मात्रै सरकारी कृषि नीति व्यवहारमा सफल हुने विश्वास गरिएको छ।

# मानवताको ह्दयमा लागेको 'ह्विल लक'

**ओलीको उडान र पतनको यति ताजा पाठबाट पनि सिक्दै नसिकी 'फ्यान' को शीतल हावामा मदमस्त हुने हो भने नौलो एक्सप्रेसको गति र मति पनि टाइटनिक जहाजको जस्तै हुन सक्छ।**

**उमेश चौहान**


ओहो, मन कति विचलित छ। २५ वर्षीय युवा गणेश नेपालीको ऊर्जाशील जीवनयात्रामा अचानक 'ह्विल लक' लागेको छ। उनले आत्मदाह गर्दै गरेको भिडियो सोसल मिडियामा जतिपटक आए पनि हेर्न सकिएको छैन। उनका दाइको प्रतिक्रिया भने न छोड्न सकियो, न पूरा हेर्न सकिएको छ। उनी भन्दैछन्, 'हामी त उता दुर्गमको मान्छे, यता खसीको मासु किनेर खान सक्दैनौं। त्यसैले भाइले खसीको खुट्टा लिएर आएको रहेछ, मैले बिहान पकाएको थिएँ, तर भाइ आउला आउला भनेर पर्खिरहेको बेला प्रहरीको फोन आयो। तिम्रो मान्छेले पेट्रोल छर्किएर शरीरमा आगो लगायो भनेर खबर गऱ्यो। त्यसपछि दौड्दै अस्पताल आएको छु।'

गणेश नेपालीले आफ्नो शरीर मात्र जलाएका छैनन्, आज संवेदनशील मानवताको ह्दयमा आगो झोसेर गएका छन्। कुनै निलो, रातो, हरियो, कालो वा छिर्केमिर्के क्रान्तिका शब्दजाल र दाउपेचले यो आगो निभाउने छैन। सरकारले दिनदिनै गर्ने उत्पात–उखरमाउला घोषणाले पनि यसलाई मत्थर गर्ने छैन। किनकि राज्य भनेको कुनै मन्चन होइन, यो नागरिक र शासकबीचको अविच्छिन्न कानुनी अनुबन्धन हो। राज्यको अवधारणा, स्थापना र अभ्यास जे प्रयोजनका लागि भएको हो, राज्यले त्यही गरे पुग्छ, त्यसको विकल्पमा जे गरे पनि पुग्दैन।

निःसन्देह आज गणेश नेपालीलाई सरकारले समातेर उनको शरीरमा आगो लगाइदिएको होइन। ठीक त्यसैगरी, हिजो प्रेम आचार्यलाई पनि सरकारले समातेर जलाएको होइन। प्रेम आचार्यले आफ्नो जीवन धान्न व्यवसाय र व्यवसाय धान्न अनेक संघर्ष गरेका थिए। परिवारको गुजारा सहज बनाउन विकट मुगुबाट राजधानी आएका गणेश नेपाली पनि राजधानीका गल्लीगल्लीमा म्याराथन दौडिरहेका थिए। आज गणेश नेपालीले नियम कानून मान्नुपर्थ्यो भनेर सपाट टिप्पणी गर्ने हो भने हिजो प्रेम आचार्यले पनि आफूले खाएको ऋण तिरेर जानुपर्थ्यो भन्ने असंवेदनशील कित्तामा पुगिन्छ। यस्तो मनोविज्ञानले मानवताका जुनसुकै किल्ला भत्काउन सक्छ।

आधारभूत प्रश्न के हो भने राज्यले लगाएका नियम र निषेध नागरिकले किन मान्छन् ? यो बाटो हिंड भन्दा किन हिंड्छन् ? त्यो बाटो निषेध छ भन्दा किन रोकिन्छन् ? रात पर्नुअघि सटर लगाऊ भन्दा स्वीकार गरेर लुरुलुरु गुँडतिर किन फर्कन्छन् ? तिमीले कमाएको पैसाबाट कर ल्याऊ भन्दा किन लाइन लागेर तिर्न जान्छन् ? किनकि राज्यले त्यसको बदलामा संरक्षणको जिम्मा लिएको हुन्छ। नागरिकलाई भोकै पर्न दिइने छैन, छानो खोसिने छैन र सबैभन्दा ठूलो विषय उसको प्रतिष्ठा हरण गरिनेछैन भनेर राज्यले नागरिकसँग सन्धि गरेको हुन्छ। त्यही दोहोरो सन्धिका भरमा प्रणाली चलेको हुन्छ।

अप्ठ्यारो परेको बेला राज्य छ भन्ने भरोसामा नै प्रेम आचार्य र गणेश नेपालीजस्ता नागरिक आफ्नो बरकतले भ्याएसम्म हन्डर, ठक्कर, घुस्सा, मुक्का खाँदै आफ्नो लडाइँ आफैं लडिरहेका हुन्छन्। जब कुनै मोडमा नागरिक नाजुक बन्छ, त्यो बेला तिमी सुरक्षित छौं किनकि तिम्रो श्रम, पसिना र करले यो प्रणाली चलेको छ भन्न राज्य सविनय हाजिर हुनुपर्छ। त्यसैले प्रेम आचार्यले ऋणमा व्यवसाय गर्दा पनि आफूले बेचेको हरेक ग्राम चियाबाट



हिजोको सरकारलाई कर तिरेका हुन्, आज गणेश नेपालीले किस्तामा किनेको मोटरसाइकल 'राइड सेयर' मा चलाउँदा पनि हरेक किलोमिटरमा कर थोपर्ने नयाँ सरकारको नयाँ आदेश मानेका हुन्।

नाजुक नागरिकलाई उल्टै लेखेट्ने, घेर्ने र हतोत्साहित गर्ने हो भने पेट्रोल छर्किएको, आगो सल्काएको र नागरिकलाई जलाएको अभियोग राज्यलाई लाग्छ। त्यो अभियोगबाट न हिजोको सरकारले उन्मुक्ति पाउँछ, न आजको सरकारले। र सरकारको कुर्सीमा बसेका अनुहार हेरेर कहिले आँसुको भेल बगाउने र कहिले नियम कानुनको डन्डा तेर्स्याउने हो भने त्यो समाजको विवेक लिलाम भइसकेको मान्नुपर्छ। अझ, हरेक व्यक्तिको ललाटमा जे लेखिएको छ, त्यही भोगेर जाने हो, बाँकी सब मिथ्या हुन् भन्ने हो भने किन चाहियो यो राज्य भन्ने अखडा ?

राज्य भनेको शासन पनि हो, संरक्षण पनि हो। संरक्षणविनाको शासन संसारमा कतै पनि टिकेको छैन, कतै टिकेछ भने राजनीतिशास्त्रमा नयाँ अध्याय थपिनेछ। नियम कानुन पनि कहिले, कसलाई लागू हुने यो देशमा ? आज एउटा मजदुरको गरी खाने मोटरसाइकलमा 'ह्विल लक' लगाउनु कानूनको परिपालना हो भने हिजो राजधानीका मेयरकी श्रीमती चढेको महानगरको सरकारी गाडी सार्वजनिक बिदाका दिन किन कुदेको हो भनेर सोधपुछ गर्नु ट्राफिक प्रहरीको अपराध कसरी थियो ?

तर, न्यूनतम मानवीय संवेदना, नागरिकको मौलिक अधिकार र राज्यको अनिवार्य जिम्मेवारीलाई आफ्नै तुष्टिका लागि सम्झने र बिर्सने संक्रमणले हामी ग्रस्त छौं भने उपचार पनि त्यति सहज छैन। एक दशक पनि भएको छैन, केपी ओली यो देशमा आधुनिक राष्ट्रवादका 'विभूति' थिए। वृद्धवृद्धा मात्र होइन ठूलो संख्यामा युवापंक्तिले पनि भारतसँग भिड्ने ओली हुन्, नत्र देश सकिन्छ भन्दै खुलेरै भोट दिएका थिए। झण्डै दुई तिहाइको सरकारको नेतृत्व पाएका ओली भने नागरिकका रोजिरोटीका मुद्दालाई झिनामसिना भन्दै चुच्चे रेलको स्टेशन राख्ने ठाउँको सर्भे गर्न रुसुवागढीदेखि कुशमासम्म फित्ता लिएर नापजाँचमा कुदिरहेका थिए।

राजधानी जोड्ने सडककै बिजोग पारेर पानीजहाजको कार्यालय उद्राटन गर्न वालुवाटारबाट एकान्तकुनातर्फ कुद्दै थिए। तर, आज पनि फर्किएर हेर्दा ओलीले त्यो भीमकाय जहाज एक्लै डुबाएका होइनन्। आलोचकहरुले प्वाल परिसक्यो भन्दाभन्दै पनि औंला लिएर थुन्न खोज्ने उनका प्रशंशकहरु ओलीभन्दा कम दोषी छैनन्। त्यो बेला ओलीको आलोचना गर्ने पत्रकार, लेखक, नागरिक र प्रतिपक्षीलाई अरिङ्गाल बनेर डसिहाल्ने र जसले बढि डस्यो त्यही आधारमा पुरस्कार दाबी गर्ने समुदायले नै ओलीको जहाज डुबाएको हो। ओली एक्सप्रेस चुर्लुम्म डुबेपछि आज क्याप्टेनको क्याबिनमै पसेर उनलाई पानीमा चोपल्न खोज्नेहरु खुबै फुर्तिला देखिन्छन्, त्यही चेतना कुनै बेला वालुवाटारको तीन किलोमिटर आसपासमा कानेखुसीकै रुपमा पनि प्रकट भएको भए आज ओली जहाजको भग्नावशेष खोज्न पार्टीभित्रैबाट आयोग गठन गर्नुपर्ने थिएन।

ओलीको उडान र पतनको यति ताजा पाठबाट पनि सिक्दै नसिकी 'फ्यान' को शीतल हावामा मदमस्त हुने हो भने नौलो एक्सप्रेसको गति र मति पनि टाइटनिक जहाजको जस्तै हुन सक्छ। त्यो दुर्घटनाले कुन नेतालाई र कुन दललाई कहाँ पुऱ्याउँछ ? धेरै चिन्ताको विषय होइन। देशलाई अर्को अराजकताको 'ब्ल्याक होल' मा लग्न सक्छ, त्यो भने गम्भीर चिन्ताको विषय हो। प्रचण्डले आफ्नै क्रान्ति तथा सहयोद्धा सिपाही र कार्यकर्ताको सपनालाई निर्मम धोका दिए, देउवाले लोकतन्त्रलाई नै दरबारमा बुझाएका हुन्। त्यसैले उनीहरुले आआफ्नो हिस्साको राजनीतिक तथा कानुनी परिणाम भोगिरहेका छन्।

उनीहरु केही गुण र अवगुणसहितका मानव थिए। तर खासगरी ओली र प्रचण्डका समर्थकहरुले उनीहरुलाई मानव मात्र रहन दिएनन्, त्यसैले गर्नुपर्ने कामै नगरी राजनीतिक जुनीबाट उनीहरुको अवसान भयो। त्यो सचित्र उदाहरण देखेका अहिलेका नेताहरुले गुण र अवगुणसहितको मानव चोला बाँच्न पाउनुपर्छ। तर, उनीहरुलाई तिलस्मी शक्ति बनाउन कुँदिरहेको यही 'फ्यान क्लब' ले भोलि दानवीकरण गर्ने जोखिम छ। देउता र दानवको खेलमा फेरि थप समय बर्बाद हुने हो भने समाज जुन उत्साहमा छ, त्यही गतिमा निराशाको गर्तमा फस्न सक्छ। निराश समाजले एकपछि अर्को अतिवाद अपनाउँदै जान्छ भन्ने उदाहरण विश्वभर पटकपटक प्रकट भएका छन्।

दक्षिण अमेरिकी देश पेरुमा छापामार युद्ध दबाउन सफल अल्बर्टो फुजिमोरी देशभित्र राष्ट्रिय एकताका प्रतीक र मित्र राष्ट्रहरुका लागि लोकतन्त्रका 'पोष्टर ब्वाय' थिए। तर जनताको त्यही विश्वासको धरातलमा अधिनायकवादी शासन चलाउँदा सन् २००० मा उनले जनआक्रोशको आँधीबेहरी सामना गर्नुपऱ्यो। उनी भागेर जापान गए, देश फर्कन सकिन्छ कि भनेर चिली पुगेर चियाउँदा उनलाई पक्राउ गरेर धकेल्दै पेरु लगियो र अदालतले ४० वर्षको जेल सजायको फैसला सुनायो। फुजिमोरीलाई जेल पठाउनु मात्र जनताको अभीष्ट थिएन, उनीहरुले आत्मसम्मानसहितको रोजिरोटी खोजेका थिए। तर पछिल्लो नौ वर्षमा सात वटा सरकार परिवर्तन भए जसले अर्थतन्त्र र नागरिकको विश्वास तहसनहस बनायो। निराश समाजले के गर्छ ?

हो, पेरुले उनै तानाशाह फुजिमोरीकी छोरी केइको फुजिमोरीलाई देशको राष्ट्रपति निर्वाचित गरेको छ। फुजिमोरी देश र जनतालाई धोका दिएको अभियोगमा तीन वर्षअघिसम्म जेलमा थिए, तर उनै फुजिमोरीको सपना पुरा गर्न भन्दै छोरी फुजिमोरी पेरुको राष्ट्रपतिमा निर्वाचित भएको आज एक महिना भएको छ। गत शताब्दीका सबैभन्दा भ्रष्ट परिवारको सूचीमा फिलिपिन्सका मार्कोसहरुको नाम अग्रपंक्तिमा आउँछ। २० वर्ष शासन गरेका तानाशाह फर्डिनान्ड मार्कोसले अन्तिम घडीमा भाग्नलाई अमेरिकी हेलिकोप्टरको गुहार पाए जसमा राखेर उनले केही नगदका पेटी र गहनाका बाकस हवाईको

**–बाँकी तीन पेजमा**

### मानवताको हृदयमा...

होनोलुलुसम्म पुर्‍याए, तर राजनीतिबाट आर्जन गरेको अथाह सम्पत्ति फिलिपिन्समै छुट्यो ।

संसारका महँगा ब्रान्डका करिब तीन हजार जोडा जुत्ता छोडेर भागेकी श्रीमती इमेल्डा मार्कोस विश्वभरका डकुमेन्ट्री मेकरका लागि सबैभन्दा बढी छानिएकी खलपात्रको रुपमा चर्चित रहिन् । तर देशको दुःखले अनेक मोड लिन्छ । पछिल्लो समयमा फिलिपिन्समा रोड्रिगो दुतेर्तेजस्ता राष्ट्रपति आए जसले, लागुऔषधविरुद्ध अपरेशन भन्दै अधिनायकवादी शासन चलाए । दाभाओ सहरको मेयरको रुपमा कमाएको लोकप्रियताले दुतेर्तेजस्ता व्यक्ति फिलिपिन्सको राष्ट्रपति भए, तर त्यही उत्साह थाम्न नसक्दा दुतेर्तेले अहिले हेगको जेलमा दिन कटाइरहँदा फिलिपिन्सको राष्ट्रपति को छन् ? उनै बिसौं शताब्दीका भ्रष्टतम शासक फर्डिनान्ड मार्कोसका छोरा बोङबोङ मार्कोस ।

बाबु त अमेरिकामा बितिगए, आमा इमेल्डा स्वदेश फर्केर संसद्मा पुगिन् र सँगै आएका छोरालाई देशको राष्ट्रपति बनाउन सफल भइन् । इमेल्डा र बोङबोङ अहिले सिनियर मार्कोसले बाँकी राखेका सुशासनको सपना पूरा गर्दैछन् किनकी जनताले उनीहरुलाई प्रतिस्पर्धीभन्दा दोब्बर बढी मतसहित ऐतिहासिक जिम्मेवारी दिएका छन् । निराशा र अतिवादमा फस्दै जाँदा राजनीति कहाँ पुग्छ भन्ने बुझ्न धेरै टाढा जानु पर्दैन, हामीसँगै चुनावमा गएको बंगलादेशलाई हेरे पुग्छ । राष्ट्रपति श्रीमान जियाउर रहमानको हत्यापछि राजनीतिमा आएकी बेगम खालिदा जिया सन् १९९१ र २००१ मा प्रधानमन्त्री त बनिन्, तर उनको छवि आदर्श शासकको रुपमा लेखिने कुनै कारण छैन ।

खासगरी दोस्रो कार्यकालमा भ्रष्टाचारका लागि बदनाम भएकी उनलाई पाखा लगाउन प्रतिद्वन्द्वी शेख हसिनाले लोकतन्त्र, कानुन र संविधानका सारा सीमाना उल्लंघन गरिन् । तर गत वर्षको विस्फोटक विद्यार्थी आन्दोलनपछि शेख हसिनाले सत्ताबाट मात्र होइन, देशैबाट बिदा लिनुपर्‍यो । एउटा भ्रष्ट शासनलाई विस्थापित गरेपछि भएको निर्वाचनले फेरि बेगम खालिदाका छोरा तारिक रहमानलाई दुई तिहाइसहित सत्तामा पुर्‍याएको छ । सन् २००० को सुरुवातताका आमा बेगम खालिदा प्रधानमन्त्री भएका बेला सरकारी ठेक्काका फाइल भने छोरा तारिक रहमानको 'हावा भवन' बाट मात्र टुंगो लाग्थे भनेर त्यहीबेला स्थानीय तथा अन्तर्राष्ट्रिय मिडियाले रिपोर्टिङ गरिरहेका थिए ।

तर हिजो सरकारी ठेक्कापट्टाको 'फिक्सर' को रुपमा बदनाम तारिक रहमानलाई नै दुई दशकपछि उही समाजले बंगलादेशको नयाँ बिहानीको रुपमा असाधारण शक्ति दिएको छ । उनलाई यो जीत शेख हसिनाको भ्रष्ट शासनको विकल्पको रुपमा मात्र होइन, जमात–ए–इस्लामीजस्तो अतिवादी समूहको सहयोगमा पनि प्राप्त भएको छ । एउटा भ्रष्ट शासनबाट आजित बंगलादेशले अर्को अतिवादतर्फ जाने जोखिम पनि सहर्ष स्वीकारेको छ । पेरु, फिलिपिन्स र बंगलादेशका उदाहरण अपवाद होइनन्, राजनीतिशास्त्रका नियमित पाठ हुन् । जब कुनै पनि नेताको राप र तापका अगाडि समाज आलोचकको रुपमा होइन, चियर लिडररुपमा प्रकट हुन्छ, त्यो समाज उत्तिकै छिटो निराश हुन्छ र अझ खतरनाक अतिवादतर्फ बहकिँदै जान्छ ।

नेपालको नयाँ राजनीतिक नेतृत्वले प्राप्त गरेको जनमतलाई पनि निराशातर्फ संक्रमित हुन नदिन सञ्चारकर्मी, लेखक, नागरिक र युवाहरुको खबरदारी उत्तिकै आवश्यक छ । किनकि नेता विशेषको तापले सबैभन्दा बढी सत्तासिन सांसदहरु मुर्झाएका छन् । जब सहकर्मीहरु मुर्झाउँछन्, तब नागरिकको जिम्मेवारी झन् बढि अपरिहार्य हुन्छ । नागरिकले शासकहरुलाई सम्झाइरहनुपर्ने एउटा गजबको कविता पाकिस्तानी जनकवी हबिब जालिबले हामीलाई छाडेर गएका छन् । सन् ६० को दशकमै उनले लेखेका थिए :

*'तुम से पहले वो जो इक शख़्स यहाँ तख़्त नशीं था ,*
*उस को भी अपने ख़ुदा होने पे इतना ही यक़ीं था ।*
*(तिमीभन्दा पहिले जो मान्छे त्यो सिंहासनमा बसेको थियो नि,*
हो उसलाई पनि आफू अवतार नै हुँ भन्ने यत्तिकै विश्वास थियो)

अनलाइन खबरबाट

### तीन नानीको ...

होइन, सार्वजनिक स्थलमा रहेका असुरक्षित संरचनाले निम्त्याउन सक्ने जोखिमको गम्भीर संकेत पनि हो। वर्षायाममा खुला खाल्डा, पोखरी तथा पानी जम्ने स्थान बालबालिकाका लागि अत्यन्त जोखिमपूर्ण हुने भएकाले अभिभावक, स्थानीय समुदाय र सम्बन्धित निकाय सबैले विशेष सतर्कता अपनाउनुपर्ने देखिएको छ ।

सिरहाको गोलबजारमा भएको यो हृदयविदारक घटनाले तीन निर्दोष बालबालिकाको जीवन मात्रै होइन, एउटा परिवारको खुसी र भविष्य पनि एकै क्षणमा खोसेको छ । उनीहरूको सम्झनामा सिंगो समुदाय अहिले शोकमा डुबेको छ ।

### कारागारबाट फरार...

पासवान लालबन्दी नगरपालिका–२, पुनर्वास टोलका बासिन्दा हुन् । डाका मुद्दामा जलेश्वर कारागार महोत्तरीमा कैद भुक्तान गरिरहेका पासवान विगतको आन्दोलनका क्रममा कारागारबाट फरार भएका थिए ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं प्रहरी नायव उपरीक्षक (डीएसपी) वेद प्रसाद गौतमका अनुसार पक्राउ परेका पासवानलाई थप अनुसन्धान तथा कारबाहीका लागि हाल इलाका प्रहरी कार्यालय लालबन्दीमा राखिएको छ ।

# सुरक्षित तरिकाले ग्यास प्रयोग गर्न सिलिण्डरलाई कसरी राख्ने ?



अहिले शहर बजारमा मात्रै होइन दुर्गम गाउँका कुनाकाप्चा सम्म खाना पकाउनका लागि एलपीजी ग्यास पुगेको छ। यसले हाम्रो भान्सामा सहजता थपे पनि सही तरिकाले प्रयोग नगर्दा कहिलेकाहीँ समस्या निम्त्याउन सक्छ। ग्यास सिलिण्डर विस्फोट भएर दुर्घटना भएका उदाहरणहरू पनि धेरै छन्। त्यसैले, ग्यास सिलिण्डर सही तरिकाले भण्डारण गर्नु आवश्यक छ ।

**सिलिण्डर सुताएर नराख्ने**

ग्यास सिलिण्डरलाई सधैं सिधा राख्नुपर्छ। यसलाई सुताएर राख्दा रेगुलेटर र भल्भमा असर पर्न सक्छ, जसले गर्दा ग्यास चुहावटको जोखिम बढ्छ ।

**तातो ठाउँमा नराख्ने**

सिलिण्डरलाई प्रत्यक्ष घाम पर्ने ठाउँमा, ग्यास चुल्होको तथा हिटरको तातो पर्ने ठाउँमा राख्नु हुँदैन। धेरै तातोले कहिलेकाहीं सिलिण्डर विस्फोट हुन सक्छ।

**हावा पास नहुने ठाउँमा नराख्ने**

हावा पास नहुने तथा कम भेन्टिलेसन भएको ठाउँमा ग्यास सिलिण्डर राख्नु हुँदैन। हावा पूरै बन्द भएको ठाउँमा ग्यास जम्मा गर्दा खतरा हुन सक्छ।

**जमिनमुनिको सतहमा नराख्ने**

एलपीजी हावा भन्दा भारी ग्यास हो। त्यसकारण, यदि चुहावट भयो भने, यो हावाको तल्लो सहतमा जम्मा हुन्छ, त्यसैले सिलिण्डरलाई बेसमेन्ट वा जमिनको सतह मुनिका क्षेत्रहरूमा राख्नु हुँदैन।

**ग्यास सिलिण्डर भण्डारण गर्ने सही तरिका**

सिलिण्डरलाई सधैं बलियो सतह भएको भुइँमा सिधा ठड्याएर राख्नुपर्छ। राम्रो भेन्टिलेसन भएको हावा पास हुने ठाउँ छनोट गर्नुपर्छ। साथै, रेगुलेटर सही रूपमा जडान गरिएको हुनुपर्छ। पाइप बाङ्गिएको वा दोब्रिएको छैन भनी सुनिश्चित गर्नुपर्छ।

**ग्यास पाइप कसरी जाँच गर्ने ?**

सिलिण्डर मात्र होइन, ग्यास पाइप पनि नियमित रूपमा जाँच गर्नुपर्छ। यदि पाइलमा कुनै चिसा, काटिएको वा ग्यास चुहावट भएको शंका लागेमा राम्रोसँग जाँच गर्नुपर्छ। रेगुलेटर तथा पाइप गुणस्तरीय खालको छनोट गर्नुपर्छ। कहिलेकाहीं ग्यासको मुख अर्थात रेगुलेटर जोड्ने ठाउँको वासट बिग्रिएर पनि ग्यास लिक हुने समस्या हुन्छ। त्यो जाँच गर्नुपर्छ।

# मधेशी भएकै कारण फिल्मबाट निकालिएको अभिनेत्री कर्णको आरोप



काठमाडौं, २८ असार। छायांकनरत फिल्म 'चिरञ्जीवि भवः' को विवाद सतहमा आएको छ। अभिनेत्री काजल कर्णले शुक्रबार राति सामाजिक सञ्जालमार्फत मधेशी भएकै आधारमा आफूलाई विभेद गर्दै फिल्मबाट निकालिएको दाबी गरेकी छन्। ३५० भन्दा धेरै मैथिली, भोजपुरी र नेपाली म्यूजिक भिडियोमा काम गरेकी कर्णले उक्त फिल्मको सेटमा आफूलाई मधेशिनी भन्दै जिस्काइएको, वर्ण तथा भूगोलमाथि उपहास गरिएको बताएकी छन्।

उनले फिल्मको सेटमा आफूमाथि प्राविधिक र छायांकन सदस्यद्वारा भएको भनिएका उपहास र विभेदको वर्णन गरेकी छन्। उनले केही प्राविधिक सदस्यको नामै लिएर उनीहरू यस्तो कार्यमा सहभागी भएको टिप्पणी गरेकी हुन्। यतिमात्र होइन, आफूलाई पारिश्रमिक समेत नदिएको आरोप उनको छ। सम्भवतः कुनै कलाकारले यसरी आफू मधेशी भएको कारण प्रोजेक्टबाट निकालिएको आरोप लगाएको यो पहिलोपटक हो।

**के भन्छन् निर्देशक काकु ?**

यो फिल्मका निर्देशक दीपक आचार्य 'काकु'ले अभिनेत्री कर्णको आरोपमा कुनै सत्यता नरहेको दाबी गरेका छन्। 'मलाई उहाँले कुनै जानकारी गराउनुभएको छैन' काकु फेसबुकमा लेख्छन्, 'यदि कुनै सदस्यबाट उहाँले आरोप लगाएजस्तो व्यवहार गरेको पुष्टि भएमा गल्ती गर्ने जो कोहीलाई पनि १ सेकन्ड अविलम्ब नगरी कारबाही गरिनेछ।'

कर्णले अभिनय गरेका हरेक अभिनयको फुटेज आफूहरू सुरक्षित रहेको भन्दै काकुले गोबर सोहर्न लगाएकोजस्ता आरोप पुष्टि गर्न चुनौती समेत दिएका छन्। पारिश्रमिकको तेस्रो किस्ता चाहिँ सबै कलाकारलाई डबिङ पछि मात्र दिइने उनले बताएका छन्।

**कलाकार संघले छलफलमा बोलायो**

चलचित्र कलाकार संघले यो विवादमा अहिलेसम्म संस्थामा उजुरी नपरेको र दुवै पक्षलाई छलफलमा बोलाएको जनाएको छ। संघले विज्ञप्ति जारी गर्दै अभिनेत्री कर्णले लगाएका आरोप गम्भीर प्रकृतिका भएकाले छलफल र अनुसन्धानपछि मात्र विवाद निरुपण गर्न सकिने बताएको छ। कलाकार संघले यस घटनामा गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। 'चलचित्र कलाकार र निर्माण पक्षबीच यस्तो प्रकारको परिस्थिति सिर्जना हुनु समग्र नेपाली चलचित्र उद्योगका लागि सकारात्मक विषय होइन' कलाकार संघले भनेको छ, 'यस विषयलाई सामाजिक सञ्जालमार्फत सार्वजनिक रूपमा अभिव्यक्त गर्नुको सट्टा दुवै पक्ष संयमित भई आपसी संवाद र छलफलमार्फत समस्याको समाधान गर्न नेपाल चलचित्र कलाकार संघ हार्दिक अपिल गर्दछ।'

# जागिरबाट निकालिएपछि एक वर्षदेखि तनावमा थिए आत्मदाह प्रयास गरेका विवेक

काठमाडौं, २८ असार। आत्मदाहको प्रयास गरेका सर्लाहीको गोडैता नगरपालिकाका ३५ वर्षीय विवेक मण्डलको कीर्तिपुर बर्न अस्पतालमा उपचार जारी छ। अस्पतालका अनुसार मण्डलको अहिले आइसीयूमा उपचार भइरहेको छ। उनको शुक्रबार बेलुकीदेखि भेन्टिलेटरमा उपचार भइरहेको हो। आफन्त अखलेश मण्डलले चिकित्सकले आफूलाई विवेकको शरीरको ८५ प्रतिशत भाग जलेको जानकारी दिएको बताए।

मण्डलले चिकित्सकको कुरा उद्धृत गर्दै रातोपाटीसँग भने,'घाउको अप्रेसन गर्ने भन्नुभएको छ। तर, ब्लड प्रेसर लो भएर अप्रेसन गर्न मिलेको छैन। शरीरको धेरै भाग जलेको छ।' आफन्तका अनुसार बायोलोजिमा एमएस्सी गरेका विवेक एक वर्षदेखि मानसिक तनावमा थिए।

# सप्तरीमा जंगली हात्तीको आतंक, सुरक्षाको माग



**धीरेन्द्रप्रसाद साह**

राजविराज, २८ असार। सप्तरीको अग्नीसाइर कृष्णासवरन गाउँपालिकाका विभिन्न बस्तीमा एक सातादेखि जारी जंगली हात्तीको आतंकले स्थानीयवासी त्रसित बनेका छन्। सो पालिकाको वडा नं. १ बेहराचाँपस्थित सुकुमवासी बस्ती तथा वडा नं. ६ अन्तर्गत मोहनपुर, भुजेलटोल, रतवला र उत्तरबस्ती क्षेत्रमा हात्तीको बथानले घरमा तोडफोड, अन्नपात नष्ट तथा बालीनालीमा व्यापक क्षति पुऱ्याएको छ।

स्थानीयका अनुसार २२ वटाभन्दा बढी जंगली हात्तीको समूह दिनभर नजिकैको वन क्षेत्रमा बस्ने र साँझ पर्नासाथ गाउँ पस्ने गरेको छ। हात्तीले घरका झ्याल, टाटी, भान्साघर भत्काउनुका साथै धान, चामल, मकैलगायत खाद्यान्न खाइदिने र खेतबारीमा लगाइएको बालीसमेत नष्ट गरिरहेको छ। बेहराचाँप सुकुमवासी बस्तीकी मुकुन्तीकुमारी सरदारले दिनभर मजदुरी गरेर ल्याएको अन्नसमेत हात्तीले नष्ट गरेपछि परिवारको जीविकोपार्जन नै संकटमा परेको बताउनुभयो। "बालबालिकालाई के खुवाउने भन्ने चिन्ता छ," उहाँले भन्नुभयो।

स्थानीय सहदेव सदाले हात्तीको त्रासका कारण रातभर जाग्राम बस्नुपर्ने अवस्था रहेको बताउँदै कतिबेला ज्यान जाने हो भन्ने चिन्ताले थप पीडा दिएको बताउनुभयो। स्थानीय मोहन मगरले गाउँलेहरू रातभर पालो गरेर बस्तीको सुरक्षा गरिरहे पनि हात्तीको समूहले निरन्तर घरमा क्षति पुऱ्याइरहेको जानकारी दिनुभयो।

स्थानीयका अनुसार छोटकू सदा, सशिन्द्र सरदार, मुकुन्तीकुमारी सरदार, ललकू सरदार, सुष्मा सरदार, गल्ठी सरदार, सुखी सरदार, मोहन मगर, सहदेव सदा, राम सदा, बिजुली सदा, राजु सदा, देवन्तीदेवी चौधरी, लालूमाया नेपालीलगायत दर्जनौं परिवारका घरमा हात्तीले क्षति पुऱ्याएको छ।

यस्तै वडा नं. ६ का कमानसिंह मगर, नारायण विष्ट, सुवास चौधरी, पुष्पा बञ्जारा, हेमनारायण चौधरी, सोनाइ मेहता लगायत दर्जनौं स्थानीयवासीका घरमा क्षति पुऱ्याएको छ। हात्तीको आतंकबारे स्थानीय सरकार, प्रहरी तथा वन कार्यालयलाई पटक पटक जानकारी गराउँदा पनि प्रभावकारी पहल हुन नसकेको स्थानीयवासीको गुनासो छ।

इलाका प्रहरी कार्यालय महुली र डिभिजन वन कार्यालयसँग सहयोग मागिए पनि आवश्यक स्रोत–साधन अभावका कारण समस्या समाधान हुन नसकेको उनीहरूको भनाइ छ। वडा नं. ६ का अध्यक्ष अशोक आचार्यले सीमित स्रोतसाधनका बाबजुद स्थानीय तहले नागरिकको सुरक्षाका लागि आवश्यक समन्वय, गस्ती तथा सुरक्षित स्थानमा राख्ने प्रयास गरिरहेको बताउनुभयो।

उहाँका अनुसार जंगली हात्ती नियन्त्रणका लागि आवश्यक जनशक्ति, उपकरण तथा प्राविधिक सहयोगको अभाव छ। यस समस्याको समाधान स्थानीय तहको स्रोतबाट मात्र सम्भव नभएकाले सम्बन्धित निकायको तत्काल सहयोग आवश्यक रहेको उहाँले बताउनुभयो। स्थानीय बृजमान तमाङ्गले प्रभावित क्षेत्रमा सडक बत्ती, उच्च क्षमताका प्रकाश उपकरण, हात्ती तर्साउने सामग्री तथा टर्चलाइटको व्यवस्था गर्न र पीडित परिवारलाई खाद्यान्न राहत उपलब्ध गराउन सम्बन्धित निकायसँग आग्रह गर्नुभएको छ।

सो सुकुमवासी बस्तीमा पछिल्लो एक वर्षदेखि हात्तीको समस्या दोहोरिँदै आएको स्थानीयवासीले बताएका छन्। निरन्तरको आतंकका कारण बस्तीका बासिन्दाको ज्यान जोखिममा परेको र विस्थापित हुने खतरा बढ्दै गएको उनीहरूको भनाइ छ। पीडितहरूले प्रभावित क्षेत्रमा तत्काल प्राविधिकसहितको विशेष टोली परिचालन गर्न, घर तथा बालीनालीमा भएको क्षतिको यथार्थ मूल्याङ्कन गरी उचित क्षतिपूर्ति उपलब्ध गराउन, हात्ती नियन्त्रणका लागि दीर्घकालीन योजना लागु गर्न तथा स्थानीय नागरिकको जिउधन सुरक्षाका लागि प्रभावकारी सुरक्षा व्यवस्था गर्न सरकारसँग माग गरेका छन्। स्थानीयवासीले समयमै आवश्यक कदम नचालिए मानवीय तथा थप भौतिक क्षति हुन सक्ने चिन्ता व्यक्त गर्नुभयो।

# ट्रान्सफर्मर चोरीपछि सात सय भन्दा बढी धारामा खानेपानी बन्द



**विजयकुमार साह**

ढल्केबर, २८ असार। धनुषाको मिथिला नगरपालिका–२, नकटाझिजस्थित खानेपानी योजनाको विद्युतीय ट्रान्सफर्मर चोरी भएपछि सात सयभन्दा बढी धारामा खानेपानी आपूर्ति बन्द भएको छ। शुक्रबार राति आयोजनामा जडान गरिएको ५० केभिए क्षमताको ट्रान्सफर्मर चोरी भएपछि खानेपानी सेवा अवरुद्ध भएको हो।

खानेपानी योजनाको बोरिङबाट पानी तान्न प्रयोग गरिएको ट्रान्सफर्मर पोलबाट झारेर त्यसभित्र रहेका तामाका तार र तेल चोरी गरिएको छ। ट्रान्सफर्मरको बाहिरी भाग भने घटनास्थलमै छाडिएको अवस्थामा फेला परेको खानेपानी उपभोक्ता समितिले जनाएको छ। खानेपानी उपभोक्ता समितिका अध्यक्ष सूर्यनारायण महतोले ट्रान्सफर्मर चोरी भएपछि आयोजनाबाट वितरण हुँदै आएको सात सयभन्दा बढी धारामा खानेपानी सेवा पूर्ण रूपमा अवरुद्ध भएको बताउनुभयो। उहाँका अनुसार पानी आपूर्ति बन्द भएपछि स्थानीयवासी इनार तथा टाढाबाट पानी ल्याएर दैनिक आवश्यकता पूरा गर्न बाध्य भएका छन्।

अध्यक्ष महतोले यस आयोजनाको ट्रान्सफर्मर लगातार तेस्रो पटक चोरी भएको जानकारी दिँदै बारम्बार हुने यस्ता घटनाले उपभोक्तालाई सास्ती भएको बताउनुभयो। उहाँले तत्काल नयाँ ट्रान्सफर्मर खरिद गरी जडान गर्ने आर्थिक अवस्था समितिसँग नरहेको जानकारी दिनुभयो। उहाँका अनुसार समितिसँग जगेडामा रहेको पुरानो ट्रान्सफर्मर भए पनि नेपाल विद्युत् प्राधिकरणले त्यसलाई जडान गर्न खरिद बिल मागिरहेको छ। उहाँले भन्नुभयो, "विद्युत् प्राधिकरणले पुरानो ट्रान्सफर्मरको खरिद बिल मागेको छ। तर त्यो ट्रान्सफर्मर खानेपानी योजना निर्माणका क्रममा तत्कालीन खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयले खरिद गरी जडान गरेको थियो। समितिसँग त्यसको खरिद बिल छैन।"

उहाँले सोमबार सम्बन्धित कार्यालय खुलेपछि आवश्यक कागजात खोजी गरी उपलब्ध गराउने प्रयास गरिने जानकारी दिनुभयो। आवश्यक कागजात फेला परेपछि जगेडामा रहेको ट्रान्सफर्मर जडान गरी यथाशीघ्र खानेपानी सेवा पुनः सञ्चालन गर्ने तयारी रहेको उहाँको भनाइ छ। स्थानीय विनोदकुमार महतोले ट्रान्सफर्मर चोरीका कारण स्थानीयवासीले खानेपानीको समस्या भोग्नुपरेको बताउनुभयो। उहाँका अनुसार अहिले इनार तथा टाढाबाट पानी ल्याउनुपर्ने अवस्था छ। उहाँले चोरीमा संलग्न व्यक्तिलाई कानुनी दायरामा ल्याई खानेपानी सेवा शीघ्र सञ्चालन गर्न सम्बन्धित निकायसँग माग गर्नुभयो।

# महेन्द्र राजमार्ग विस्तारको प्रगति छब्बिस प्रतिशत मात्र

सर्लाही, २८ असार। महेन्द्र राजमार्ग अन्तर्गत कमला–ढल्केबर–पथलैया सडक विस्तार आयोजनाको प्रगति लक्ष्यभन्दा निकै पछाडि देखिएको छ। हालसम्म करिब ५० प्रतिशत भौतिक प्रगति हासिल भइसक्नुपर्ने भए पनि सडक विस्तारको प्रगति २६ प्रतिशतमा सीमित देखिएको हो। रुख कटान तथा विद्युत्का पोल, खानेपानीका पाइप, टेलिफोनका तारलगायतका संरचना स्थानान्तरणमा भएको ढिलाइका कारणले लक्ष्य अनुसार सडक विस्तारले गति लिन नसकेको कमला–ढल्केबर–पथलैया सडक आयोजना (पूर्वी खण्ड)का सूचना अधिकारी एवं इन्जिनियर रामटहल यादवले जानकारी दिनुभयो।

विश्व बैंकको ऋण सहयोगमा धनुषाको कमला पुलदेखि बाराको पथलैयासम्मको सडक चार लेनको बनाउने कार्य अन्तर्गत अहिलेसम्म कमला पुलदेखि सर्लाहीको बागमती पुलसम्मको ७४.७५ किलोमिटर खण्डमा मात्र ठेक्का लागेर काम भइरहेको छ। गएको वर्ष पुसदेखि सुरु भएको राजमार्ग विस्तारको कार्य सन् २०२७ भित्र सक्ने लक्ष्य भए पनि यही गतिमा काम भए लक्ष्यभन्दा पनि बढी समय लाग्ने निश्चित जस्तै छ।



पछिल्लो समय इन्धन र निर्माण सामग्रीमा भएको मूल्यवृद्धिका कारण पनि कामलाई गति दिन नसकेको रसुवा कन्स्ट्रक्सन कम्पनीका प्रतिनिधि सुजित रिजालले बताउनुभयो। कमला पुलदेखि बागमती पुलसम्मको सडक विस्तार तथा पुल र कलभर्ट निर्माण गर्ने जिम्मेवारी इकेके इन्फ्रास्ट्रक्चर लिमिटेड इन्डिया, चाइनिज कम्पनी एसडब्ल्यु इजे र रसुवा कन्स्ट्रक्सन कम्पनी आरसिसी ज्वाइन्ट भेन्चर गरी तीन वटा कम्पनीले ठेक्का पाएका छन्। तिन वटै कम्पनीले अहिले राजमार्ग विस्तारको काममा अत्यन्त कम जनशक्ति परिचालन गरेका छन्। दैनिक आठ सयदेखि एक हजार जनासम्म मजदुर खटाउनुपर्नेमा कतै कतै मात्र फाट्टफुट्ट पुल तथा कलभर्टको काम गरिरहेको मजदुर भेटिन्छन्। सडक विस्तारको काम रोकिएको त हप्तौं भइसकेको छ। यस्तै नेपाल विद्युत् प्राधिकरणले भने बिजुलीको पोल नसारेकै कारण सडक विस्तारमा ढिलाइ भएको भन्ने आरोप झुटो रहेको दाबी गरिएको छ।

नेपाल विद्युत् प्राधिकरण, लालबन्दी वितरण केन्द्रका प्रमुख सुरज ढुङ्गेलले सर्लाही खण्डको बाँके जङ्गल क्षेत्रमा एक सय वटाभन्दा बढी पोल उखेलेर 'साइड क्लियर' गरिसकेको बताउनुभयो। अहिले गर्मीको समयमा बत्ती काटेर सहर, बजार तथा बस्ती भएको क्षेत्रका पोल सार्न भने सम्भव नरहेको दसैं, तिहारपछि मात्र काम हुने उहाँको भनाइ छ।

# गणेश नेपालीको परिवारसँग नौ बुँदे सहमति



काठमाडौँ, २८ असार। त्रिपुरेश्वरस्थित राहदानी विभाग अगाडि आत्मदाह प्रयास आत्मदाह प्रयासपछि ज्यान गुमाएका २५ वर्षीय गणेश नेपालीको परिवारसँग नौ बुँदे सहमति भएको छ। मिति २०८३ साल असार २६ गते वीर अस्पतालको 'वर्न युनिट' मा उपचारका क्रममा मुगु सोरु गाउँपालिका वडा नं. १, जवलधाराका २५ वर्षीय नेपालीको उपचारको क्रममा मृत्यु भएको थियो।

काठमाडौँ महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सरोज गुरागाइँ, जिल्ला प्रशासन कार्यालय, काठमाडौँका प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेल र पीडित परिवार तथा वार्ता समितिबिच आइतबार दिउँसो सहमति भएको हो। उक्त सहमति अनुसार मृतक नेपालीकी श्रीमती एकमाया नेपालीलाई निजको योग्यता तथा क्षमताका आधारमा रोजगारी सुनिश्चित गर्ने, निजको छोरीको उच्च शिक्षासम्मको अध्ययनका लागि काठमाडौँ महानगरपालिकाबाट सम्पूर्ण खर्च समेतको आवश्यक प्रबन्ध मिलाइने बताइएको छ।

यसैगरी, मृतकको अन्तिम संस्कारका लागि आवश्यक पर्ने सम्पूर्ण व्यवस्था तथा काठमाडौँमा गरिने काजक्रियाको आवश्यक व्यवस्थापन काठमाडौँ महानगरपालिकाबाट मिलाइने छ। पीडित परिवार तथा आफन्तजनको तर्फबाट मृतकको शव बुझिलिने, शव परीक्षण (पोष्टमार्टम) लगायतका कानुनी प्रक्रियामा पूर्ण सहयोग र सहजीकरण गरी सद्गत गर्ने जिम्मा लिने उनीहरुबिच सहमति भएको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह–सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)